# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७७/७८ को तीन महिनाको तथ्याङ्कमा आधारित)*

**प्रमुख झलक**


- *वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ३.७९ प्रतिशत छ ।*
- *आयात १२.७ प्रतिशतले घटेको छ भने निर्यात १४.३ प्रतिशतले बढेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १२.६ प्रतिशतले र अमेरिकी डलरमा ७.६ प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.१०१ अर्ब ९ करोडले बचतमा छ ।*
- *कुल विदेशी विनिमय सञ्चिति १२ अर्ब ५५ करोड अमेरिकी डलर रहेको छ ।*
- *संघीय सरकारको खर्च रु.१७६ अर्ब ९९ करोड र राजस्व परिचालन रु.१७२ अर्ब ३६ करोड छ ।*
- *विस्तृत मुद्राप्रदाय ५.६ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय २०.९ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ४.९ प्रतिशत र निजीक्षेत्रमाथिको दावी ४.२ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा भने निक्षेपको वृद्धिदर २०.९ प्रतिशत र निजीक्षेत्रमाथिको दावीको वृद्धिदर १२.४ प्रतिशत छ ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०७७ असोजमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.७९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.२१ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.५० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.४६ प्रतिशत रहेको छ ।

**चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति**




२. २०७६ असोजको तुलनामा २०७७ असोजमा तरकारी उपसमुहको मुल्यवृद्धि २३.१० प्रतिशत र दाल तथा गेडागुडी उपसमुहको मूल्यवृद्धि १३.८६ प्रतिशत रहेको छ ।

३. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ३.३५ प्रतिशत, तराईमा ४.४६ प्रतिशत, पहाडमा ३.०३ प्रतिशत र हिमालमा ४.३९ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७६ असोजमा यी क्षेत्रहरुमा क्रमशः ८.१४ प्रतिशत, ५.७५ प्रतिशत, ४.८९ प्रतिशत र ५.११ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

**तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)**

| विवरण | २०७६ असोज | २०७७ भदौ | २०७७ असोज |
|---|---|---|---|
| **समग्र मुद्रास्फीति** | **६.२१** | **४.५२** | **३.७९** |
| *खाद्यतथा पेय पदार्थ* | *७.०४* | *६.९१* | *५.५०* |
| *गैर-खाद्यतथा सेवा* | *५.५५* | *२.६८* | *२.४६* |

### थोक मुद्रास्फीति

४. २०७७ असोजमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ८.२६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.२९ प्रतिशत रहेको थियो ।

५. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ८.८७ प्रतिशत, ८.७८ प्रतिशत र ३.१३ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्य २.१३ प्रतिशतले घटेको छ ।

### तलब तथा ज्यालादर सूचकाङ्क


६. २०७७ असोजमा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ०.९२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क १२.०८ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा ज्यालादर सूचकाङ्क १.१९ प्रतिशतले बढेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

७. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा कुल वस्तु निर्यात १४.३ प्रतिशतले वृद्धि भई रु.३१ अर्ब ५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १४.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः १९.४ प्रतिशत र ७.४ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फ ५३.२ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा जुटका सामान, धागो (पोलिष्टर तथा अन्य), चाउचाउ, अलैंची, पश्मिना लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, दाल, जस्तापाता, हस्तकलाका सामान, छाला लगायतका वस्तुको निर्यात घटेको छ ।

चार्ट २: वैदेशिक व्यापार (तीन महिना)




८. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा कुल वस्तु आयात १२.७ प्रतिशतले घटेर रु.२९२ अर्ब २७ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १०.३ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ६.६ प्रतिशत, २६.९ प्रतिशत र १९.० प्रतिशतले घटेको छ। वस्तुगत आधारमा चामल, कच्चा सोयाविन तेल, दूरसंचारका उपकरण तथा पार्टपुर्जा, खाने तेल, कोइला लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, हवाईजहाज तथा पार्टपुर्जा, अन्य मेसिनरी तथा पार्टपुर्जा, कच्चा पाम तेल लगायतका वस्तुको आयात घटेको छ।

९. निर्याततर्फ सुख्खा बन्दरगाह, कैलाली, कन्चनपुर र रसुवा भन्सार कार्यालय बाहेकका नाकाबाट गरिएको निर्यातमा वृद्धि आएको छ । आयाततर्फ भैरहवा, विराटनगर, नेपालगञ्ज, कृष्णनगर र कैलाली भन्सार कार्यालय बाहेकका नाकाबाट भएको आयातमा ह्रास आएको छ।

१०. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा कुल वस्तु व्यापार घाटा १५.१ प्रतिशतले घटी रु.२६१ अर्ब २२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटामा १२.० प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात १०.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.१ प्रतिशत रहेको थियो ।

### निर्यात-आयात मूल्य सूचकाङ्क

११. वार्षिक विन्दुगत आधारमा २०७७ असोज महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) १.१ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क ३.८ प्रतिशतले घटेको छ। २०७६ असोज महिनामा ४.४ प्रतिशतले बढेको व्यापारको शर्त (Terms of Trade) २०७७ असोज महिनामा ५.१ प्रतिशतले बढेको छ।

### सेवा

१२. समीक्षा अवधिमा खुद सेवा आय रु.१० अर्ब ५९ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.६ अर्ब ५ करोडले घाटामा रहेको थियो ।

१३. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आयमा ९१.५ प्रतिशतले कमी आई रु.१ अर्ब ४७ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.१७ अर्ब ३३ करोड रहेको थियो ।

१४. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण व्यय ७४.८ प्रतिशतले घटी रु.५ अर्ब २९ करोड कायम भएको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.४ अर्ब ४० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.२१ अर्ब रहेकोमा शिक्षातर्फको व्यय रु.१० अर्ब १८ करोड रहेको थियो ।

### विप्रेषण आप्रवाह

१५. समीक्षा अवधिमा विप्रेषण आप्रवाह १२.६ प्रतिशतले वृद्धि भई रु.२५८ अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५.१ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.६ प्रतिशतले वृद्धि भई २ अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ४.७ प्रतिशतले घटेको थियो ।

१६. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ९६.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ३.७ प्रतिशतले घटेको थियो । वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ७८.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ०.९ प्रतिशतले घटेको थियो ।

१७. समीक्षा अवधिमा खुद ट्रान्सफर १०.२ प्रतिशतले वृद्धि भई रु.२८६ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ३.८ प्रतिशतले घटेको थियो ।

### चालु खाता एवम् शोधनान्तर स्थिति


१८. समीक्षा अवधिमा चालु खाता रु.३४ अर्ब ३६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.२२ अर्ब ४७ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १९ करोड ८४ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा २८ करोड ८२ लाखले बचतमा रहेको छ ।

१९. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ३.३ प्रतिशतले कमी आई रु.३ अर्ब ५६ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी २६.८ प्रतिशतले कमी आई रु.२ अर्ब ९२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.३ अर्ब ६८ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.३ अर्ब ९९ करोड रहेको थियो ।

२०. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.१०१ अर्ब ९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.१४ अर्ब ४३ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १२ करोड ७८ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ८५ करोड १० लाखले बचतमा रहेको छ ।

### कुल विदेशी विनिमय सञ्चिति

२१. २०७७ असार मसान्तमा रु.१४०१ अर्ब ८४ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ४.९ प्रतिशतले वृद्धि भई २०७७ असोज मसान्तमा रु.१४७० अर्ब २६ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७७ असार मसान्तमा ११ अर्ब ६५ करोड रहेकोमा २०७७ असोज मसान्तमा ७.८ प्रतिशतले वृद्धि भई १२ अर्ब ५५ करोड पुगेको छ ।




२२. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७७ असार मसान्तमा रु.१२२६ अर्ब १२ करोड रहेकोमा २०७७ असोज मसान्तमा ५.१ प्रतिशतले वृद्धि भई रु.१२८८ अर्ब ५५ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्तमा रु.१७५ अर्ब ७१ करोड रहेकोमा २०७७ असोज मसान्तमा ३.४ प्रतिशतले वृद्धि भई रु.१८१

अर्ब ७१ करोड पुगेको छ । २०७७ असोज मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.१ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

२३. आर्थिक वर्ष २०७७/७८ को तीन महिनाको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.६ महिनाको वस्तु आयात र १४.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३९.० प्रतिशत, ११७.३ प्रतिशत र ३२.९ प्रतिशत रहेका छन् । २०७७ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३७.२ प्रतिशत, १०५.७ प्रतिशत र ३३.१ प्रतिशत रहेका थिए ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२४. अन्तर्राष्ट्रिय बजारमा २०७६ असोज मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ५९.३५ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७७ असोज मसान्तमा ३०.३ प्रतिशतले घटी अमेरिकी डलर ४१.३४ कायम रहेको छ । यस अवधिमा सुनको मूल्यमा भने उल्लेख्य बढोत्तरी भएको छ । अन्तर्राष्ट्रिय बजारमा २०७६ असोज मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १४९२.६५ रहेकोमा २०७७ असोज मसान्तमा २७.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १९०५.०५ पुगेको छ ।

### विनिमय दर

२५. २०७७ असार मसान्तको तुलनामा २०७७ असोज मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.८ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ४.१ प्रतिशतले अवमूल्यन भएको थियो । २०७७ असोज मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.११७.१२ पुगेको छ । २०७७ असार मसान्तमा उक्त विनिमय दर रु.१२०.३७ रहेको थियो ।

## सरकारी वित्त स्थिति*

### संघीय सरकार

### वित्त घाटा/बचत

२६. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा बैंकिङ्ग कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.३१ करोड ६८ लाखले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.४६ अर्ब ३८ करोडले बचतमा रहेको थियो ।

### खर्च तथा राजस्व#

२७. समीक्षा अवधिमा बैंकिङ्ग कारोबारमा आधारित (सोझै भुक्तानी र भुक्तानी हुन बाँकी चेकबाहेक) संघीय सरकारको कुल खर्च रु.१७६ अर्ब ९९ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु.१७२ अर्ब ३३ करोड रहेको थियो ।

२८. समीक्षा अवधिमा बैंकिङ्ग कारोबारमा आधारित राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रु.१७२ अर्ब ३६ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रु.२११ अर्ब २८ करोड रहेको थियो ।

---

*नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभाग, सरकारी कारोबार गर्ने वाणिज्य बैंक तथा जिल्लास्थित ८१ वटै कोष तथा लेखा नियन्त्रक कार्यालय र भुक्तानी केन्द्रबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

#गत वर्षको बेरुजु संकलन बाहेक ।

### नगद मौज्दात

२९. २०७७ असोज मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.२१३ अर्ब ३९ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ ।

### प्रदेश सरकार

३०. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा प्रदेश सरकारको स्रोत प्राप्ति रु.२७ अर्ब ३८ करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रु.१८ अर्ब ४४ करोड हस्तान्तरण गरेको छ । यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु.८ अर्ब ९५ करोड परिचालन गरेका छन् ।


## मौद्रिक स्थिति

### मुद्राप्रदाय

३१. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा विस्तृत मुद्राप्रदाय ५.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.२ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय २०.९ प्रतिशतले बढेको छ ।

३२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.१०१ अर्ब ९ करोड (७.६ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.१४ अर्ब ४३ करोड (१.५ प्रतिशत) ले बढेको थियो ।

**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (असोज)**
**(वार्षिक बिन्दुगत)**





३३. समीक्षा अवधिमा सञ्चित मुद्रा १.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा २.७ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ असोज मसान्तमा सञ्चित मुद्रा २५.६ प्रतिशतले बढेको छ ।

### कुल आन्तरिक कर्जा

३४. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा कुल आन्तरिक कर्जा २.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.२ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ असोज मसान्तमा यस्तो कर्जा १४.३ प्रतिशतले बढेको छ ।

३५. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ४.४ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ असोज मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १२.४ प्रतिशतले बढेको छ ।

**चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (असोज)**
**(वार्षिक बिन्दुगत)**



## निक्षेप परिचालन

३६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ४.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २०.९ प्रतिशतले बढेको छ ।

**तालिका २: बैंक तथा बित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | | | असोज मसान्त | |
|---|---|---|---|---|---|---|
| | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७६ | २०७७ |
| चल्ती | ८.७ | ९.३ | ९.७ | १०.० | ८.२ | ९.१ |
| बचत | ३५.४ | ३४.५ | ३२.८ | ३१.९ | ३३.० | ३२.८ |
| मुद्दती | ४३.२ | ४४.८ | ४६.३ | ४८.६ | ४७.८ | ४९.४ |
| अन्य | १२.७ | ११.३ | ११.३ | ९.४ | ११.० | ८.७ |

३७. २०७७ असोजमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ९.१ प्रतिशत, ३२.८ प्रतिशत र ४९.४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ८.२ प्रतिशत, ३३ प्रतिशत र ४७.८ प्रतिशत रहेको थियो ।

३८. २०७७ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४३.२ प्रतिशत रहेको छ । २०७६ असोज मसान्तमा यस्तो निक्षेपको अंश ४४.८ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

३९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७७ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ११.७ प्रतिशतले बढेको छ ।

४०. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ४ प्रतिशतले र विकास बैंकहरुको कर्जा प्रवाह ५.२ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको ०.५ प्रतिशतले घटेको छ ।

४१. २०७७ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६५.९ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.६ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७६ असोज मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६४.४ प्रतिशत र १३.७ प्रतिशत रहेको थियो ।

४२. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फको कर्जा ६ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १.८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ५.१ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ४.७ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ६.७ प्रतिशतले बढेको छ ।

४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा ३.९ प्रतिशतले, ओभरड्राफ्ट कर्जा ३.७ प्रतिशतले, डिमान्ड तथा चालु पुँजी कर्जा ९.६ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ०.६ प्रतिशतले र मार्जिन प्रकृति कर्जा १७.८ प्रतिशतले बढेको छ भने ट्रष्ट रिसिट (आयात) कर्जा ६.६ प्रतिशतले र हायर पर्चेज कर्जा २.७ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

४४. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा रिभर्स रिपोमार्फत् रु.६० अर्ब र निक्षेप संकलन उपकरणमार्फत् रु.३० अर्ब गरी कुल रु.९० अर्ब तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप संकलन उपकरणमार्फत रु.३० अर्ब तरलता प्रशोचन भएको थियो भने रिपोमार्फत् रु.३९ अर्ब ५२ करोड र स्थायी तरलता सुविधामार्फत रु.४९ अर्ब ८० करोड गरी कुल रु.८९ अर्ब ३२ करोड तरलता प्रवाह गरिएको थियो ।

४५. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब २४ करोड खूद खरिद गरी रु.१४७ अर्ब ४३ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ८९ करोड ८५ लाख खूद खरिद गरी रु.१०२ अर्ब २२ करोड तरलता प्रवाह गरिएको थियो ।

४६. समीक्षा अवधिमा अमेरिकी डलर ८४ करोड बिक्री गरी रु.९९ अर्ब ६४ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सो अवधिमा अमेरिकी डलर १ अर्ब ६ करोड विक्री गरी रु.११९ अर्ब ९८ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो ।

## पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जा

४७. २०७७ असोज मसान्तमा यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जा रु.३ अर्ब ८४ करोड लगानीमा रहेको छ । यसमध्ये साधारण पुनरकर्जा रु.२ अर्ब  ८५ करोड र भूकम्प पीडितलाई निजी आवास निर्माण प्रदान गरिएको पुनरकर्जा रु.९९ करोड रहेको छ ।

४८. २०७७ असोज मसान्तसम्ममा ४१,६१८ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.७२ अर्ब ४७ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत २७,३६९ ऋणीलाई प्रवाह भएको रु.६१ अर्ब २५ करोड कर्जा रहेको छ भने सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत १४,२४९ ऋणीको रु.११ अर्ब २२ करोड कर्जा बक्यौता रहेको छ ।

## अन्तर-बैंक कारोबार

४९. आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा वाणिज्य बैंकहरुको रु.३२ अर्ब १७ करोड र अन्य वित्तीय संस्थाहरु ( वाणिज्य बैंकहरुबीच बाहेक) को रु.४८ अर्ब ९८ करोड गरी कुल रु.८१ अर्ब १५ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.५८३ अर्ब ३१ करोड र अन्य वित्तीय संस्थाहरुको रु.४३ अर्ब ८८ करोड गरी कुल रु.६२७ अर्ब १८ करोड अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५०. २०७६ असोजमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ४.३३ प्रतिशत रहेकोमा २०७७ असोजमा ०.६३ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७६ असोजको ४.६२ प्रतिशतको तुलनामा २०७७ असोजमा ०.११ प्रतिशत कायम भएको छ । मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक दर २०७७ असोजमा ०.१६ प्रतिशत कायम भएको छ ।

५१. वाणिज्य बैंकहरुको औसत आधार दर २०७६ असोजमा ९.५६ प्रतिशत रहेकोमा २०७७ असोजमा ७.७३ प्रतिशत कायम भएको छ । २०७७ असोजमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.४५ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ९.८३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यी दरहरु क्रमशः ६.७५ प्रतिशत र ११.९८ प्रतिशत रहेका थिए ।

## मर्जर/प्राप्ति

५२. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराए पश्चात् २०७७ असोज मसान्तसम्म कुल २०७ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १५७ संस्थाहरुको इजाजत खारेज हुन गई ५० संस्था कायम भएका छन् ।

## वित्तीय पहुँच

५३. कुल ७५३ स्थानीय तहमध्ये २०७७ असोजसम्म ७४८ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७६ असोजसम्म ७४१ स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए (तालिका ३) ।

| तालिका ३ः स्थानीय तहमा वाणिज्य बैंकहरुको उपस्थिति | | | | बाणिज्य बैंकको शाखा पुग्ने क्रममा रहेका स्थानीय तह | |
|---|---|---|---|---|---|
| प्रदेश | स्थानीय तहको संख्या | वाणिज्य बैंकको शाखा पुगेका स्थानीय तह | | | |
| | | २०७६ असोज | २०७७ असोज | जिल्ला | गाँउपालिका |
| प्रदेश १ | १३७ | १३६ | १३६ | ताप्लेजुङ | मिक्वाखोला |
| प्रदेश २ | १३६ | १३४ | १३६ | - | - |
| वागमती | ११९ | ११७ | ११७ | धादिङ | रुवी भ्याली, नेत्रावती |
| गण्डकी | ८५ | ८४ | ८५ | - | - |
| लुम्बिनी | १०९ | १०९ | १०९ | - | - |
| कर्णाली | ७९ | ७८ | ७८ | जाजरकोट | जुनीचाँदे |
| सुदूर पश्चिम | ८८ | ८३ | ८७ | बझाङ | काँडा |
| **कुल** | **७५३** | **७४१** | **७४८** | **४** | **५** |

५४. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७७ असोज मसान्तमा

१४६ कायम भएको छ (तालिका ४) । यस अनुसार २७ वाणिज्य बैंक, १९ विकास बैंक, २१ वित्त कम्पनी, ७८ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक संचालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७७ असार मसान्तमा ९७६५ रहेकोमा २०७७ असोज मसान्तमा ९९०३ पुगेको छ ।

**तालिका४: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७७ असोज मसान्त | २०७६ असार मसान्त | २०७७ असार मसान्त | २०७७ असोज मसान्त |
| वाणिज्य बैंक | २८ | २७ | २७ | ३५८५ | ४४३६ | ४५१४ |
| विकास बैंक | २९ | २० | १९ | १२६७ | १०२९ | १०२३ |
| वित्त कम्पनी | २३ | २२ | २१ | २०५ | २४३ | २४९ |
| लघुवित्त वित्तीय संस्था | ९० | ८५ | ७८ | ३६२९ | ४०५७ | ४११७ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१७१** | **१५५** | **१४६** | **८६८६** | **९७६५** | **९९०३** |

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

# विद्युतीय भुक्तानी कारोबार

५५. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधरणको विद्युतीय भूक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासको कारण विद्युतीय भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भएको छ ।

**तालिका ५: विद्युतीय भुक्तानी कारोबार**

| क.सं. | विवरण | कारोबार संख्या | | | | कारोबार रकम (रु. दश लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७ असार | २०७७ साउन | २०७७ भदौ | २०७७ असोज | २०७७ असार | २०७७ साउन | २०७७ भदौ | २०७७ असोज |
| १ | आर.टि.जि.एस.* | ३७२९७ | ३४६१६ | २८१३७ | ४१३८५ | १५६७९५९ | १२१३८७० | ८३५५२६ | १४०६५४५ |
| २ | एटिएम | ६३०२८४६ | ४७६९३४० | ३७९७९६९ | ५३८८५०२ | ५४७६३ | ३८३९३ | ३२३२० | ४६७८५ |
| ३ | इसिसि | १२६०१६९ | १०३९३३० | ६७७८४५ | १०६१६६१ | ७९२००७ | ६५७११३ | ४०२४७७ | ६८७०७५ |
| ४ | आइपिएस | ५९६५३८ | ३४७८५४ | ६५६१४२ | १०७७३२२ | २२३६५१ | १५६३६० | १५३०७३ | २३४४९८ |
| ५ | कनेक्टआइपिएस | ६९६४४७ | ६३३१३४ | ८९५५८६ | १२५९२९१ | ५१३०६ | ४७३६७ | ६१९५८ | ८८९७९ |
| ६ | डेविट कार्ड | ३३१६५५४ | ५४२६३६८ | ४११८१८२ | ५९५२६९३ | २५८९४ | ४१७८७ | ३३६६७ | ४९१०९ |
| ७ | क्रेडिटकार्ड | ११९६१० | १५४६९८ | ७६३१७ | १२८४६० | ५८४ | ७०८ | ४०७ | ७६० |
| ८ | प्रिपेड कार्ड | ५२४९ | ८९८६ | ४५८७ | ७७०६ | ३६ | ५७ | ३० | ५८ |
| ९ | इन्टरनेट बैकिङ्ग | ६५३४५९ | २०५७३५ | २०८९३४ | २७५९३३ | १९०४८ | ३०८२ | ४७४१ | ६३१४ |
| १० | मोवाइल बैकिङ्ग | ५८१७६८१ | ५९२३४११ | ५९६१३३९ | ७८५०१५४ | १८८३९ | १८३९३ | २०३४० | २८८०४ |
| ११ | शाखारहित बैकिङ्ग | ८३२४९ | ५३३५० | ३७३४४ | ४७६५० | १३३८ | १०४२ | ८१५ | १०६६ |
| १२ | वालेट | १०१७९५५७ | १०१७७८८९ | ९४१५४४७ | १०१७५९६२ | १०२२२ | ७५७९ | ७३३९ | ९८८३ |
| १३ | क्यु.आर.मा आधारित | – | १९५०१६ | १७९१५० | २६५१२५ | – | ५८९ | ६४८ | ९६९ |
| १४ | पिओएस | – | ५३२९११ | ३१४११० | ५८६७३१ | – | १८५८ | १२२३ | २३४९ |
| १५ | ई कमर्स** | – | १६८६२७ | ८७००७ | ११३०५२ | – | १२०१ | ५६१ | ७९४ |


* २०७७ असार र साउनमा भएको भुक्तानी कारोबार संसोधन भएको

** कार्डको प्रयोग गरी अनलाइनमार्फत भएको भुक्तानी कारोबार

## पुँजी बजार

५६. २०७६ असोज मसान्तमा ११३७.८ रहेको नेप्से सूचकाङ्क २०७७ असोज मसान्तमा १५६२.५ पुगेको छ। २०७७ असार मसान्तमा यस्तो सूचकाङ्क १३६२.४ रहेको थियो ।

चार्ट ६: नेप्से परिसूचक




५७. २०७७ असोज मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.२०८२ अर्ब ५८ करोड पुगेको छ । २०७७ असार मसान्तमा बजार पुँजीकरण रु.१७९२ अर्ब ७६ करोड रहेको थियो ।

५८. २०७७ असोजमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०९ रहेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ३३ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ४/४ होटल तथा व्यापारिक संस्था र ६ अन्य समूहका रहेका छन् । २०७७ असारमा सूचीकृत कम्पनीहरूको संख्या २१२ रहेको थियो ।

५९. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ७५.४ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा ६.६ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ३.५ प्रतिशत, होटेलको हिस्सा १.१ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.३ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा १३.१ प्रतिशत रहेको छ ।

६०. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७ असोजसम्ममा सूचीकृत ४ अर्ब ८९ करोड शेयरको चुक्ता मूल्य रु.४७९ अर्ब ८३ करोड रहेको छ ।

६१. आर्थिक वर्ष २०७७/७८ तीन महिनासम्ममा रु.१ खर्ब बराबरको विकास ऋणपत्र, रु.६ अर्ब ९७ करोड बराबरको साधारण शेयर, रु.४ अर्ब ९६ करोड बराबरको बोनस शेयर, रु.४ अर्ब बराबरको डिबेन्चर रु.१ अर्ब ९ करोड बराबरको हकप्रद शेयर रु.६५ करोड बराबरको म्युचअल फण्ड गरी कुल रु.१ खर्ब १७ अर्ब ६७ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६२. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.१ अर्ब २० करोड बराबरको डिबेन्चर, रु.९३ करोड ८६ लाख बराबरको साधारण शेयर र रु.५३ करोड ३७ लाख बराबरको हकप्रद शेयर गरी कुल रु.२ अर्ब ६७ करोड बराबरको धितोपत्र निष्काशन गर्न अनुमति दिएको छ ।

# कोभिड-१९ को प्रभाव विश्लेषण

६३. कोभिड-१९ संक्रमणका कारण अर्थतन्त्र प्रभावित भएको छ । महामारीको असर वाह्य व्यापार, राजश्व परिचालन, पुँजीगत खर्च र बैंकिङ्ग क्षेत्रको कर्जा लगानीमा बढी देखिएको छ ।

६४. कोभिड-१९ महामारीका कारण बन्दाबन्दीका सुरुवाती महिनादेखि आर्थिक गतिविधि प्रभावित भई औद्योगिक कच्चा पदार्थ, ईन्धन, पूँजीगत वस्तु, यातायातका साधन तथा पार्टस् लगायतका वस्तुहरुको आयात घटेकोमा असोज महिनामा त्यस्ता वस्तुहरुको आयात बढेको छ ।

**तालिका ६ : आयातको प्रवृत्ति***

*(रु. अर्बमा)*

| क.स. | वस्तुको वर्गीकरण | २०७५/७६ | | | | २०७६/७७ | | | | | | | २०७७/७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५ चैत | २०७६ बैशाख | २०७६ जेठ | २०७६ असार | २०७६ साउन | २०७६ भदौ | २०७६ असोज | २०७६ चैत | २०७७ बैशाख | २०७७ जेठ | २०७७ असार | २०७७ साउन | २०७७ भदौ | २०७७ असोज |
| १ | खाद्य तथा पेय पदार्थ | १६.९ | १६.२ | १६.८ | १४.७ | १५.१ | १८.४ | १४.९ | १३.४ | १६.७ | १९.९ | १८.२ | १९.५ | २०.६ | २०.१ |
| २ | औद्योगिक आपूर्ति | ३९.३ | ४१.२ | ४४.२ | ४३.८ | ३९.० | ४१.२ | ३५.० | १९.१ | १०.४ | २६.२ | ३५.२ | २८.२ | ३३.० | ३९.५ |
| ३ | ईन्धन तथा लुब्रिकेन्ट्स | २२.१ | २२.६ | २४.६ | २१.१ | १५.७ | १५.६ | १४.० | १०.९ | ८.३ | ७.९ | १५.० | ८.५ | ८.४ | १०.३ |
| ४ | पूँजीगत वस्तु, पार्ट्स तथा अन्य सामान | १५.६ | १६.५ | १७.२ | २०.६ | १७.१ | १९.१ | १५.८ | ८.० | २.८ | १०.२ | १५.३ | १४.२ | १६.२ | १८.० |
| ५ | यातायातका साधन, पार्ट्स, तथा अन्य सामान | ८.७ | १०.५ | ९.३ | ९.० | ९.६ | १३.९ | १३.४ | २.५ | ०.६ | ३.४ | ४.० | ६.० | ६.२ | १२.५ |

*UN Trade Statistics को वृहत आर्थिक वर्गीकरण (Revision 4) मा आधारित प्रमुख वस्तुहरु ।